वन सम्बन्धी कविता

■ विजयराज न्यौपाने

वन सम्बन्धी कविता
मैले लहराको पटुकी बाँध्ने
किसानको निम्ति लेख्नु पर्ने हो
अगेनुमा ढुङ्ग्रो सोझ्याएर
तसला तताउने
महिलाको निम्ति लेख्नु पर्ने हो
तिनै सोझा तर सच्चा वन उपभोक्ता
गाउँलेकै सरल भाषामा लेख्नु पर्ने हो
तर त्यसरी लेख्दा
मेरो कविता कविता हुँदैन
किनभने मेरो कविता महलका मालिकलाई
सुहाउने बन्दैन
बौद्धिकता छाँट्ने विद्वानहरुलाई
हँसाउने पनि हुँदैन ।

वन सम्बन्धी कविता
मैले अँध्यारोमा जीउने
जनताको चेतना निम्ति लेख्नु पर्ने हो
चिसो चूल्हो तताउन
आर्जन बढाएर भोजन दिलाउन
सघाउने कविता लेख्नु पर्ने हो
तर त्यसरी लेख्दा
मेरो कविता कविता हुँदैन
किनभने त्यसले वनका ठेकेदारहरुलाई
डलर बढाउन केही भन्दैन
वनमासा भैं वन मास्दै हिँड्ने
नक्कली उपभोक्तालाई
सहानुभूति देखाउँदैन
हो त्यसैले मेरो कविता कविता हुँदैन
जसले छापामा कहिल्यै स्थान पनि पाउँदैन ।

वन सम्बन्धी कविता
कहिले पैह्रोले कहिले डडेलोले
कहिले बाढीले कहिले नापीले
लखेटिएका निमुखाहरुको
मुख बनेर लेख्नु पर्ने हो
नाङ्गा डाँडाहरुमा हरियाली सजाएर
'हरियो वन गाउँलेको धन'
बनाउन लेख्नु पर्ने हो
तर त्यसरी लेख्दा
मेरो कविता कविता हुँदैन
किनभने त्यसले गमलामा गाँठ
फलाउनेहरुलाई
आयको बाटो देखाउँदैन
झुपडीका गरिबका कुरा
तीन-तारे होटलमा छाँटेर
सत्ता र भत्ता भजाउनेहरुलाई
रिझाउने गरेको हुँदैन
हो त्यसैले मेरो कविता कविता हुँदैन
जसले अरु कविताहरुको माझमा
कहिल्यै नापिन पाउँदैन ।

(विजयराज न्यौपाने शिक्षक हुनुहुन्छ ।)